गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय

फोन-☏ ०६१-५७०३३०
पोखरा, कास्की

# प्रादेशिक स्वास्थ्य निर्देशनालय

गण्डकी प्रदेश, पोखरा, नेपाल

पत्र संख्या :२०८१/८२
चलानी नं. :

## NICU मा भर्ना भएका शिशुका आमाहरू (सुत्केरी) का लागी पोषिलो खाना खुवाउने सम्बन्धी बोलपत्र आह्वानको सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८१/१०/२४)

यस निर्देशनालयको लागि आ.व. २०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार पश्चिमाञ्चल क्षेत्रीय अस्पताल, पोखरा, कास्कीको NICU भर्ना भएका शिशुका आमाहरू (सुत्केरी) का लागी पोषिलो खाना खुवाउन नेपाल सरकारबाट इजाजतप्राप्त इच्छुक नेपाली व्यवसायीहरूबाट निम्न शर्तहरूको अधीनमा रही बोलपत्र पेश गर्न यो सूचना प्रकाशन गरिएको छ।

**शर्तहरू**

१. बोलपत्र फाराम यस निर्देशनालयबाट सूचना (पहिलो पटक) प्रकाशित भएको मितिले ३० दिनसम्म कार्यालय समय भित्र व्यवसायी स्वयं वा निजको अधिकृत प्रतिनिधिबाट तपशिलमा उल्लेखित दस्तुर तिरी (पछि फिर्ता नहुने गरी) खरिद गर्न सकिनेछ।

२. बोलपत्र फाराम खरिदको लागि निवेदनको साथमा प्रदेश लेखा नियन्त्रक कार्यालय, कास्कीको राष्ट्रिय बाणिज्य बैंकमा रहेको राजस्व खाता नं. १०००१००२०००१०००० मा रु ३०००।००(अक्षेरुपी तीन हजार) जम्मा गरेको सक्कल बैंक भौचर, बोलपत्रदाताको फर्म दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र अधिकारनामा र गत आ.व.२०८०/८१ सम्मको कर चुक्ता प्रमाण पत्रका प्रमाणित प्रतिलिपिहरु यस कार्यालयमा पेश गरि बोलपत्र खरिद गर्न सकिनेछ।

३. खरिद गरेको वोलपत्र फाराम नियमानुसार भरी, सहीछाप गरी, शिलवन्दी गरी, खामको बाहिर कामको विवरण, बोलपत्र नं., बोलपत्रदाताको फर्मको नाम, ठेगाना खोलि शिलवन्दी बोलपत्र सूचना प्रकाशित भएको ३१औं दिनको १२:०० बजे सम्म यस निर्देशनालयमा दर्ता गर्न सकिने छ।दर्ता भएका बोलपत्रहरु सोहि दिनको अपरान्ह २:०० बजे निर्देशनालयमा नियमानुसारको रोहबरमा खोलिनेछ।बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।

४. बोलपत्रदाताले बोलपत्र पुस्तिकाको सबै पानामा सही छाप गरेको हुनुपर्नेछ। दर रेट महलको अंक र अक्षर दुवैमा दर लेख्नु पर्नेछ। अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएको दरलाई मान्यता दिइनेछ।

शिलवन्दी बोलपत्र जमानत प्रदेश लेखा नियन्त्रक कार्यालय, कास्कीको राष्ट्रिय बाणिज्य बैंकमा रहेको धरौटी खाता नं. ३०२०१००२०२०३०००० मा तपशिलमा उल्लेख गरेको धरौटी रकम नगद जम्मा गरेको सक्कल बैंक भौचर वा कार्य प्रयोजन एवम ठेक्का नं. उल्लेख भएको

पत्र संख्या :२०८१/८२
चलानी नं. :

बोलपत्र जमानत बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० दिनसम्म म्याद भएको बैंक जमानत पेश गर्नुपर्नेछ।

५. शिलवन्दी बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन विदा परेको खण्डमा त्यसको लगतै कार्यालय खुलेको दिनमा क्रमशः सो कार्यहरु गरिनेछ।

६. म्याद भित्र दर्ता हुन नआएका तथा अन्य कुनै रित नपुगेको र कुनै शर्त राखी पेश भएको बोलपत्र उपर कुनै कारवाही हुनेछैन।

७. एक फर्मको नाममा खरिद भएको बोलपत्र फाराम अर्को फर्मको नामबाट दाखिला गर्न पाईने छैन।

८. बोलपत्र खरिदकर्ताले सार्वजनिक खरिद कार्यमा भाग लिन अयोग्य नभएको प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नवाझिएको साथै सार्वजनिक खरिद अनुगमन कार्यालयको कालोसूचीमा नपरेको भनी लिखित कबोल गरेको स्वःघोषणा गरेको पत्र अनिवार्य रुपमा बोलपत्रसाथ पेश गर्नुपर्नेछ।

९. बोलपत्र दाताले सम्बन्धित अस्पतालसँग समन्वय गरी स्वास्थ्यका मापदण्ड सहितको खाना खाजा खुवाउनु पर्नेछ। अस्पतालमा बिरामीहरुलाई खाना खाजा खुवाएको अनुभवी तथा अस्पतालको परिसर नजिकको व्यावसायीलाई प्राथमिकता दिइनेछ।

१०. शिलबन्दी बोलपत्र स्वीकृत गर्ने अस्वीकृत गर्ने तथा आंशिक स्वीकृत गर्ने या सूचना नै रद्द गर्ने सम्पूर्ण अधिकार यस निर्देशनालयमा निहित रहनेछ।

११. यस सूचनामा नपरेका अन्य कुराहरुको हकमा प्रचलित सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४(संशोधन सहित)अनुसार हुनेछ।

१२. <u>बैंकको नाम</u> : रा.बा. बैंक, कास्की

| सि नं. | ठेक्का नं. | कामको विवरण | जमानत रकम | बोलपत्र फारम दस्तुर (राजश्व शिर्षक नं. १४२२९) |
|---|---|---|---|---|
| १ | HD/NICU/2081-02/02 | NICU मा भर्ना भएका शिशुका आमाहरू (सूत्केरी) का लागी पोषिलो खाना | रु.६००००.०० | रु. ३०००.०० |

१३. थप जानकारीका लागि E-mail : hd.gandaki@gmail.com वा यस निर्देशनालयमा सम्पर्क गर्न सकिने छ।